# कपुरकोट  गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७५।३।२५

**प्रस्तावना**

कपुरकोट गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम कपुरकोट गाउँसभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम " कपुरकोट गाउँ पालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।
(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**:
(१) आर्थिक वर्ष २०७५/२०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्था तथा सामाजिक सुरक्षा भत्ता अनुमानित रकम समेत गरी जम्मा रकम रु. २७,४१,९८०००। (अक्षेरुपी २७ करोड ४१ लाख ९८ हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को निमित्त कपुरकोट गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४,००,००,००० | १२,२७,१५,००० | | १८,२७,१५,००० |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | ८,४१,००,००० | | | ८,४१,००,००० |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |